९२२९/८४८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४३८/२०७१/०७२

निर्णय नं. ८४८

जिल्ला सप्तरी, राजविराज न.पा. व.नं.९ बस्ने देवेन्द्रप्रसाद देव............ .........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय, लैनचौर.......................................१ विपक्षी
सूचना अधिकारी, दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय, लैनचौर.......................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला सप्तरी, राजविराज न.पा. व.नं.९ बस्ने देवेन्द्रप्रसाद देवले दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय, लैनचौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२७ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।१३ च.नं. १७४ को पत्रबाट कुन कुन सूचना उपलब्ध नभएको हो भनी लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले आयोगलाई स्पष्ट नगरेको तथा सूचना पनि पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ जेठ ५ गते रोज ४ शुभम्